गण्डकी प्रदेश सरकार

फोन नं:-०६७-४२०१०६

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र सं:- २०८१।०८२

चलानी नं:-

मितिः- २०८१/०८/०७

सूचना नं ०८

## आपत्कालिन उद्धार कार्यक्रम/उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहायता माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१।०८।०७**

यस कार्यालयको चालु आर्थिक वर्ष २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम **आपत्कालिन उद्धार कार्यक्रम/ उद्धार, राहत तथा पुनर्स्थापना** अन्तरगत विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्धेश्य मापदण्डमा तोकिए बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिने भएकोले सम्बन्धित व्यक्तिहरुले तोकिएको ढाँचामा तपसिल बमोजिमका कागजातहरु संलग्न गरि रितपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको website: sdoparbat.gandaki.gov.np मा हेर्नुहुन, कार्यालयको सूचना अधिकारीको सम्पर्क नं ९८५७६२६५४९ मा सम्पर्क गर्न वा कार्यालयमा आई जानाकारी लिन समेत अनुरोध छ।

संलग्न राख्रुपर्ने कागजातहरु

- पिडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन
- पहिचान खुल्ने कागजातहरु
- प्रहरी/स्थानीय तहको सिफारिस पत्र
- खर्च भएका विलभर्पाई
- सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण

२०८१/०८/०६

गोविन्द प्रसाद पौडेल
कार्यालय प्रमुख

CamScanner

## अनुसूची-५

## आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार

(क) विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्तिको लागि आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कार्यालयले सो प्रयोजनको लागि बढीमा रु.पचास हजारसम्म खर्च गर्न सक्नेछ ।

(ख) पीडितले कुनै सिपमूलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा प्रति व्यक्ति बढीमा रु.बीस हजार बीउपूँजि रकम उपलव्ध गराउन सकिनेछ।

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि प्रति घटना बढीमा रु.पाँच हजार रकम उपलव्ध गराउने ।

(घ) पिडितलाई तत्काल उद्दारको क्रममा सवारी साधन भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), प्रति दिन प्रति व्यक्ति खाना खर्च वापत रु. तीन सय र बास बस्नु पर्ने भए सो वापत बढिमा रु. पाँच सयका दरले प्रति घटना बढीमा जम्मा रु. पाँच हजारसम्म उपलव्ध गराइनेछ ।

(ङ) पिडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल जाँदाको सवारी साधन भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), प्रति व्यक्ति प्रति दिन खाना खर्च वापत रु.तीन सय र अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत बढीमा रु. पाँच सयसम्म तथा उपचार खर्च समेत गरी प्रति घटना बढीमा रु. छ हजार पाँच सयसम्म उपलव्ध गराइनेछ ।

(च) पुनर्स्थापना एवं पुनर्मिलनका लागि कामको प्रकृति र समितिको निर्णय वमोजिम बढिमा रु. दश हजारसम्म उपलव्ध गराइनेछ ।

(छ) सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात ,आवास, खाना, खाजा वापत लाग्ने वास्तविक खर्च ।

(ज) पीडितसंग कुनै बालबच्चा भए पिडित सरहको खाना खर्च रकम उपलव्ध गराइनेछ । ।

(झ) माथि उल्लेखित वमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले मन्त्रालयमा लिखित निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गर्नका लागि सिफारिस गर्न सक्नेछ।

*नोट: समितिले जिल्लाको आवश्यकता अनुसार सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात, खाना, खाजा खर्च, माथि नै उल्लेख गर्ने मानव संवेदना सम्वन्धी खर्च, पुनर्स्थपना/पुनर्मिलन तथा उपचार खर्च, विपन्न नागरिकलाई अति आवश्यक आधारभूत आवश्यकता जस्तै- लत्ता कपडा तथा उपचारको प्रवन्ध मिलाउनु पर्ने अवस्था देखिएमा सो वापत लाग्ने यथार्थ खर्च उपलब्ध गराउनको लागि निर्णय लिन सक्नेछ । साथै सामाजिक विकास कार्यालय, म्याग्दीमा मात्र उद्धार, राहत तथा पुनस्थापना खर्चमा दुई लाख पचास हजार रुपैंया विनयोजन भएकाले उपरोक्तानुसार नै खर्च गर्न सकिने ।*

CamScanner

मिति:-२०८१।

श्री कार्यालय प्रमुखज्यू
सामाजिक विकास कार्यालय
कुश्मा, पर्वत ।

विषय:- आर्थिक सहायता उपलब्ध गराईपाँउ ।

प्रस्तुत विषयमा सामाजिक विकास कार्यालय, पर्वतको मिति २०८१।०८।०७ को आपत्कालिन उद्धार कार्यक्रम/उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहायता माग गर्ने सम्बन्धी प्रकाशित सूचना बमोजिम म निवेदकले तपसिल बमोजिमको कागजात संलग्न गरि आर्थिक सहायताका लागि निवेदन पेश गरेको छु।

तपसिल

१. पहिचान खुल्ने कागजात

२. प्रहरी/स्थानीय तहको सिफारिस पत्र

३. अन्य आवश्यक कागजातहरु

...............................

निवेदकको नाम

निवेदकको ठेगाना

सम्पर्क नं

दस्तखत

.. ...... ..... ......